लिम्चुङबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
प्रदेश नं. १, नेपाल

पत्र संख्या :२०७७/७८
च.नं. : १२३२

मिति :-२०७८/०२/३१

श्री सरोकारवालाहरु सबै ।

विषय :- <u>भुक्तानी सम्बन्धमा</u> ।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ बमोजिम "आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी लाई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने" भन्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट भुक्तानी पाउनु पर्ने व्यक्ति, फर्म, आपूर्तिकर्ता, संघसंस्था, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा अन्य सम्बन्धित सरोकारवालाहरु सबैले चालु आर्थिक वर्ष २०७७।७८ मा लिनु पर्ने भुक्तानीको लागि तोकिए बमोजिमका आवश्यक कागजातहरु र नियमानुसार पुऱ्याउनु पर्ने प्रकृया पुऱ्याई यस कार्यालयको आर्थिक प्रशासन शाखामा चालुतर्फका भुक्तानीका लागि मिति २०७८ असार १८ गते र पुँजीगततर्फ मिति २०७८ असार २३ गतेसम्म अनिवार्य रुपमा पेश गर्न हुन अनुरोध छ । निर्धारित समयसीमा भित्र तोकिए बमोजिमका प्रकृया तथा आवश्यक कागजात पेश नभएका कारण भुक्तानी हुन नसकेमा पालिका जिम्मेवार नहुने व्यहोरा अनुरोध छ । साथै भुक्तानी भएका चेकहरु जारी भएको मितिले १५ दिन भित्र अनिवार्य रुपमा सटही गरि सक्नु पर्ने छ ।

**<u>बोधार्थ</u>**

श्री सूचना प्रविधि शाखा (सूचना गापाको वेवसाईट र फेसवुकमा अपलोड गर्न हुन।)

श्री वडा कार्यालयहरु सबै ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत